# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ माघ १९ गते शुक्रबार मिडिया इन्टरनेशनलद्वारा काठमाडौंको भृकुटी मण्डपमा आयोजित २ दिने दोस्रो बैंकिङ्ग एक्स्पोको समुद्घाटन गर्नुभयो ।




उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहँदै गभर्नर डा.नेपालले बैंकिङ्ग सुबिधा नेपालको सम्पूर्ण नागरिकले उपभोग गर्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ आयोजना गरिएको बैकिङ्ग एक्स्पो अत्यन्तै सह्रानीय रहेको बताउनु भयो ।

सो अवसरमा गभर्नर डा.नेपालले वित्तीय साक्षरता अत्यन्तै महत्वपूर्ण रहेको बताउनु हुँदै वित्तीय साक्षरताको ज्ञान विद्यालय तहदेखि नै प्रत्येक नागरिकलाई बचत गर्ने, लगानी गर्ने लगायत आर्थिक कारोवारका विषयमा जानकारी दिने जस्ता कार्य गर्न सके मुलुक सम्पन्न हुन सक्ने बताउनु भयो । साथै, वित्तीय चेतना पढेर मात्र नजानिने हुँदा उद्यमशिलता सम्बन्धी जानकारीहरु बैंकिङ्ग एक्स्पोबाट दिन सकिने कुरा पनि उँहाले बताउनु भयो ।

वित्तीय साक्षरता तथा वित्तीय चेतना सम्बन्धी कार्यक्रम प्रवद्धर्न गर्न नेपाल राष्ट्र बैंक सधै प्रयत्नशिल रहेको जानकारी दिँदै  बैंकिङ्ग कारोवार तथा प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्न  तथा बैंकिङ्ग कारोवारलाई सरल बनाउन सर्वसाधारणको लागि यो कार्यक्रम अत्यन्तै उपयोगी भएको गभर्नर डा.नेपालले बताउनु भयो । व्यक्तिको साथसाथै बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, शेयर बजार लगायत सम्पुर्ण आर्थिक कारोवार गर्ने संस्थाहरुलाई पनि यो कार्यक्रम अत्यन्त महत्वपूर्ण भएको बताउनु हुदै गभर्नर डा. नेपालले, अन्त्यमा, सुरक्षित बैंकिङ्ग कारोबार गर्न सम्बद्ध पक्षलाई सुझाव दिदैं वित्तीय साक्षरताको लागि वित्तीय जागरण राष्ट्रिय अभियानलाई अगाडी बढाउन सहयोग गर्ने मिडिया इन्टरनेशनल सहित सम्बन्धित सबैलाई धन्यवाद सहित कार्यक्रमको सफलताको लागि शुभकामना प्रदान गर्नु भयो ।